
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस ७ गते शनिबार ❑ 23 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'परिवर्तनका लागि जनता जाग्नुपर्ने छ'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ पुस

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मुलुकको परिवर्तनका लागि जनता जाग्नुपर्ने बेला आएको बताउनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी वालिङ नगर समितिले आज स्याङ्जाको वालिङमा आयोजना गरेको खुलासभालाई सम्बोधन गर्दै उहाँले जनता जागेपछि मात्रै परिवर्तन सम्भव हुने बताउनुभयो। देशमा भ्रष्टाचार, कुशासन, तस्करी, विभेदको अँध्यारो मौलाउँदै गएकाले त्यसलाई चिर्नका लागि पनि जनतामा परिवर्तन हुनु जरुरी रहेको उहाँको भनाइ थियो। "देशको अवस्था जटिल बन्दै गयो भन्ने चिन्ता नागरिकमा छ, देशमा परिवर्तन हुनुपर्छ भन्ने सोचमा हुनुहुन्छ", उहाँले भन्नुभयो।



"विभिन्न क्षेत्रसँग सम्बन्धित विज्ञहरूको समन्वय र सहकार्यमा पार्टीले नीति तथा योजना बनाइरहेको छ", अध्यक्ष लामिछानेले भन्नुभयो, "हामी बोलेर भन्दा काम गरेर देखाउँछौं, योजनाबद्ध तरिकाले अगाडि बढ्छौं, ढुक्क हुनुहोस्।" हरेक क्षेत्रमा भएका भ्रष्टाचार, बेथिति, कुरीतिको अन्त्यका लागि पार्टी निरन्तररूपमा लाग्ने उहाँले बताउनुभयो। भ्रष्ट नेताहरूको सम्पत्ति छानबिन गर्नुपर्ने मुद्दालाई पार्टीको प्राथमिकताका साथ उठाएको र पार्टीभित्र कोही कसैले भ्रष्टाचार गरेको पाइएमा तत्कालै कारबाही गर्ने पनि बताउनुभयो। यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रिय अध्यक्ष रवि लामिछाने शनिवार कास्कीका विभिन्न ठाउमा हुने कार्यक्रममा सहभागी हुन पोखरा आउने भएका छन्।

शनिवार विहान ८ बजे पोखराको जिरो किलो मिटरमा पाटीको गण्डकी प्रदेश कार्यालयको उद्घाटन गर्ने कार्यक्रम तय भएको गण्डकी प्रदेशका प्रवक्ता बिकास भुर्तेलले जानकारी दिएका छन्। राष्ट्रिय स्वतन्त्र पाटी कास्कीको आयोजनामा शनिवार हुने तिन वटा कार्यक्रम अन्तरगत अपरान्न माछापुच्छे गाउपालिकाको लाहाचोकमा गाउँपालिका भेला र दिउसो दुई वजे अंमरसिह खेल मैदानमा खुल्ला आमसभाको आयोजना गरिएको पाटी स्रोतले जानकारी दिएको छ। यी तिनैवटा कार्यक्रममा पाटीका सभापति रवि लामिछाने लगाएत केन्द्रिय तहका नेताहरुले सम्वोधन गर्ने कार्यक्रम रहेको छ।

## लेखनाथ महोत्सवको दोश्रो दिन २० हजार दर्शकहरुद्धारा अवलोकन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

"महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि" भन्ने मुल नाराका साथ विहिबारबाट लेखनाथमा शुरु भएको १९औं संस्करणको लेखनाथ महोत्सवको दोश्रो दिन शुक्रबार २० हजार दर्शकहरुले अवलोकन गरेका छन।



लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा सञ्चालन भएको महोत्सवमा शुक्रबार दर्शकहरुको उत्साहजनक सहभागिता रहेको र ३० लाख बराबरको कारोबार भएको महोत्सवका प्रचार प्रसार संयोजक उपेन्द्रराज सुवेदी 'राजु'ले जानकारी दिए। महोत्सवमा शुक्रबार लोकदोहोरी कलाकारहरु शंकर विरही गुरुङ, जानकी तारमी मगर, सरस्वती लामिछाने, केशव देवकोटा, शान्ता वर्देवा, शुरेस रमण अधिकारी लगायतका कलाकारहरुले आफ्नो प्रस्तुती राखेका थिए। शनिबार लोकदोहोरीतर्फ कलाकारहरु पुरुषोत्तम न्यौपाने, शिव हमाल, चोलेन्द्र पौडेल, टेक क्षेत्री, अस्मिता डल्लाकोटी, रुपा घर्तिमगर, लक्ष्मी वानिया, हास्यव्यग्यतर्फ गुन्द्रुके समुहको प्रस्तुती रहनेछ भने बेलुका लाईभ कन्सर्टमा समिक्षा अधिकारी, सञ्जिव सिंह राना र अलबिन थापाको प्रस्तुती रहने महासचिव जानुका पराजुलीले जानकारी दिईन। यस्तै महोत्सवमा मातृशक्तिको सम्मानमा आयोजित रत्यौली प्रतियोगिता, विद्यालयस्तरीय नृत्य प्रस्तुती लगायतका कार्यक्रमहरु पनि भएका छन। शनिबार बिदाको दिन समेत परेकाले दर्शकहरुको संख्या वढ्नुका साथै कारोबारमा पनि बृद्धि हुने आयोजकले अपेक्षा गरेको छ।

## 'दुईथरि नागरिक उत्पादन गर्ने शिक्षा प्रणाली बिडम्बनापूर्ण'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ पुस

नेकपा एमालेका उपहासचिव प्रदीप ज्ञवालीले मुलुकमा दुईथरि नागरिक उत्पादन गर्ने शिक्षा प्रणाली रहनु बिडम्बनापूर्ण रहेको बताउनुभएको छ।

म्याग्दीको बेनी नगरपालिका-६ स्थित जामुनाखर्क माध्यमिक विद्यालयमा शुक्रबार आयोजित हिरावहादुर बानियाँ स्मृति अक्षयकोष स्थापना तथा छात्रवृत्ति वितरण समारोहलाई सम्बोधन गर्दै उहाँले निजी विद्यालयको योगदानको अवमूल्याङ्कन गर्न नमिल्ने भए पनि अहिलेको शिक्षा प्रणालीले दुईथरि नागरिक उत्पादन गरेको बताउनुभयो। "एकथरि बालबालिका भविष्यका डाक्टर, इञ्जिनीयर, वकिल बन्ने छन्, अर्काथरि विद्यार्थी खल्तीमा प्रमाणपत्र बोकेर मुलुकमा रोजगार नपाउने र खाडीमुलुक जानुपर्ने बिडम्बना छ, यो खालको अवस्थाबाट शिक्षा सुधार हुन सकेको छैन", उहाँले भन्नुभयो। नेपालको नयाँ संविधानमा शिक्षालाई बालबालिकाको मौलिक अधिकारको रुपमा स्थापित गरे पनि त्यसको पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको उहाँको भनाइ छ। संविधानमा आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य तथा मावि तहको शिक्षालाई निःशुल्क प्रदान गर्ने घोषणा भए पनि विविध कारणले अझै पनि कतिपय बालबालिका शिक्षाको अवसरबाट वञ्चित रहेको उहाँले बताउनुभयो। "संवैधानिक रुपमा रहेको व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन हुनुपर्ने हो, तर कतिपय बालबालिका अझै विद्यालयको दायरा बाहिर छन्, गरिबी, पारिवारिक संरक्षणको अभावलगायत कारण बिचैमा विद्यालय छाड्ने चुनौती पनि छन्, यसतर्फ राज्य गम्भीर हुनुपर्छ", उहाँले भन्नुभयो। पछिल्लो समय बालबालिका भर्ना दर ९९ प्रतिशत पुग्नु सकारात्मक रहेको बताउँदै उहाँले घर परिवार, समाज र सरकारले योग्य, दक्ष तथा स्वस्थ नागरिक उत्पादन गर्नका लागि शिक्षा र स्वास्थ्यमा लगानी गर्न आवश्यक रहेकामा जोड दिनुभयो। अध्ययनका लागि विदेशी मुलुकमा जाने लहरले विश्वविद्यालय, कलेज र विद्यालय रित्तिने जोखिम बढेको उल्लेख गर्दै नेता ज्ञवालीले विद्यार्थीले शिक्षा लिँदा देशमै योगदान गर्छु भन्ने अठोट लिनुपर्ने बताउनुभयो। गतवर्ष मात्रै रु एक लाख २५ हजार बढी विद्यार्थीले विदेश अध्ययनका लागि विदेशी शैक्षिक संस्थाबाट अनुमतिपत्र लिएको र विदेश जाने विद्यार्थीबाट रु ६७ अर्ब विदेशी मुद्रा बाहिरिएको उल्लेख गर्दै नेता ज्ञवालीले विद्यार्थी र युवालाई स्वदेशमै राख्न सरकार जिम्मेवार बन्नुपर्ने धारणा राख्नुभयो।

## पोखरा सडक महोत्सव हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

नयाँ वर्ष सन् २०२४ को अवसरमा नेपालको प्रमुख पर्यटकीय नगरी पोखरामा २५ औं पोखरा सडक महोत्सव हुने भएको छ।

रेष्टुराँ एण्ड बार एसोसिएसन (रेवान) पोखराको आयोजनामा आगामी पुस १२ गतेदेखि १६ गतेसम्म रजत जयन्ती महोत्सवका रुपमा २५ औं पोखरा सडक महोत्सव हुन लागेको हो। रेवान पोखराले आज काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष नरेश भट्टराईले स्थानीय उत्पादनको प्रवर्द्धनका लागि महोत्सव आयोजना गर्न लागिएको जानकारी दिनुभयो। 'सडकमै खाउँ, सडकमै रमाउँ' भन्ने नारासहित पाँच दिन चल्ने महोत्सवमा विभिन्न जातजातिका सांस्कृतिक कार्यक्रम, रात्रिकालीन कन्सर्ट, बोट रेस, वेटर रेस, टग अफ वार, भलिबल प्रतियोगिता, सडक नाटकलगायतका कार्यक्रम हुनेछन्", उहाँले भन्नुभयो।

महोत्सवका संयोजक विश्वराज पौडेलले महोत्सव पोखराको फिस्टेल गेटदेखि गैराको चौतारा हुँदै जरेवर लेकसाइडसम्मको करिब तीन किमी क्षेत्रमा हुने जानकारी दिनुभयो। महोत्सवमा पोखरा पर्यटनको विकास प्रवर्द्धन, अवसर र चुनौतीको विषयमा केन्द्रित टक शो कार्यक्रम सञ्चालन गरिने उहाँले बताउनुभयो। सडक महोत्सवमा जाने पर्यटकलाई बसोबासको लागि पोखराका एक हजार दुई सयभन्दा बढी होटलमा ४० हजार शय्या उपलब्ध रहेको रेवान पोखराले जनाएको छ। चारदेखि पाँच लाख आन्तरिक तथा बाह्य पर्यटकलाई महोत्सवको अवलोकन गर्ने लक्ष्यका साथ आयोजना गरिएको महोत्सवमा ७० लाख खर्च हुने आयोजक संस्थाले जनाएको छ।

महोत्सवमा नेपालका वरिष्ठ कलाकार पशुपति शर्मा, प्रीति आले, बद्री पङ्गेनीलगायतका कलाकारले प्रस्तुति रहनेछ। यस्तै, महोत्सवले पर्यटकीय नगरी पोखराको अर्थतन्त्रलाई चलायमान बनाउने बताइएको छ। नेपाल पर्यटन वोर्डका निर्देशक मणिराज लामिछानेले नेपालको पर्यटन प्रवर्द्धनका लागि बोर्डले यस्ता सडक महोत्सवलाई सहयोग गर्दै आएको बताउनुभयो। उहाँले पोखराको सडक महोत्सवले देशव्यापी सन्देश दिने स्पष्ट पार्नुभयो। रेवानका केन्द्रीय अध्यक्ष अरनिको राजभण्डारीले महोत्सवले पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो।

## एन प्याव्सन कास्कीको प्रथम बृहत बाल प्रतिभा पहिचान महोत्सव शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

नेशनल प्याव्सन कास्कीको आयोजनामा प्रथम बृहत बाल प्रतिभा पहिचान महोत्सव-२०८० शुरु भएको छ।

शिक्षाका राष्ट्रिय तथा तहगत उद्देश्यहरु प्राप्तिका लागि निरन्तर सक्रिय एन प्याव्सनले यसवर्ष नेसनल प्याब्सन कास्कीको शान, विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटन पहिचान भन्ने मूल नारालाई आत्मसात गर्दै विद्यार्थीहरूको शारीरिक, संवेगात्मक, मानसिक, सामाजिक, सिर्जनात्मक, एवम् सर्वाङ्गीण विकासका लागि प्रभावकारी भूमिका खेल्न सकोस् भन्ने उद्धेश्यले पुस ०६ गते देखि ०८ गतेसम्म पोखराको नयाँबजारमा अवस्थित प्रदर्शनी केन्द्रमा बृहत बाल प्रतिभा पहिचान कार्यक्रम आयोजना गरेको हो। बृहत बाल प्रतिभा पहिचान महोत्सवबाट विद्यर्थीभित्र रहेको अन्तरनिहित प्रतिभाको प्रस्फुटन एवम् विकास गर्ने, विशेषगरी विद्यार्थीलाई सामग्रीकेन्द्रित शिक्षणपद्धति अपनाएर गुणस्तरीय शिक्षा प्रदान गर्ने र यही क्रमलाई निरन्तरता दिँदै राष्ट्रले खोजेको जनशक्ति उत्पादन गरी बढ्दो बेरोजगारीको समस्या हल गर्ने महोत्सवको लक्ष्य रहेको छ।



महोत्सवमा लोक संस्कृतिको संरक्षण एवम् संवर्द्धनको लागि लोकनृत्य प्रतियोगिता र एकल गायन प्रतियोगित साथै बिज्ञान, प्रविधिको आवश्यकता र महत्वलाई आत्मसात गर्दै आविशकार तथा अपसाइक्लिङ/रिसाईक्लिङ प्रतियोगिता र त्यसैगरि हाम्रा मौलिक परम्परागत हस्तकलाबाट निर्मित सामग्रीहरुको संरक्षण र सम्बर्द्धन गर्दै ब्यवसायिकीकरणमा टेवा पुऱ्याउने उद्धेश्यले हस्तकलाबाट निर्माण गरिएका सामग्रीहरुको प्रतियोगितात्मक प्रदर्शनी समेत रहेकाले सो सम्बन्धि ज्ञान हासिल गरि आत्मनिर्भरतामा यो कार्यक्रमले जोडदिने विश्वास लिइएको छ। हाम्रो समाजमा लोप हुन गइरहेका पारम्पारिक वस्तु जस्तैः पराल, चोया र पात बाट बन्ने सामग्रीको प्रदर्शनी समेत रहेको छ। नेपालको शैक्षिक विकासका लागि निजी क्षेत्रबाट लगानी गरी निरन्तर रूपमा विद्यार्थी, शिक्षक, अभिभावक एवम् सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरूमा आफ्नो अत्यन्त सकारात्मक प्रभाव छाड्न सफल राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल अन्तर्गत रहेको नेसनल प्याब्सन कास्कीले प्रत्येक वर्ष शैक्षिक तथा खेलकुद महोत्वस गर्दै आएको छ। प्रदर्शनीमा नेसनल प्याब्सान कास्की अन्तर्गतका ४७ वटै विद्यालयहरुको सहभागीता रहने तथा करीब एक लाख भन्दा बढी अवलोकनकर्ताहरुले अवलोकन गर्ने अनुमान रहेको छ। कार्यक्रमम सम्पन्न गर्नका लागि १५ लाख खर्च लाग्ने अनुमान गरिएको छ। महोत्वसमा विभिन्न विधिमा एन प्याव्सनमा आवद्ध विद्यालयका १ हजार ६ सय विद्यार्थीले प्रतियोगितामा सहभागिता जनाएका छन्। यस अधि कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेश शिक्षा निर्देशनालयका प्रमुख अम्बिका प्रसाद आचार्यले विद्यार्थीलाई सिकाइको थलो बनाउने काम एन प्याव्सनले गरेको बताए। उनले संस्कार र संस्कृति सहित समाजमा टिक्ने र विक्ने शिक्षा दिने काम महोत्सव बाट हुने विश्वास व्यक्त गरे। शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले महोत्सव वालवालिक केन्द्रीत कार्यक्रम भएको उल्लेख गरे। शिक्षा महाशाखा पोखरा महानगर पालिकाका प्रमुख हेमप्रसाद आचार्यले विद्यार्थीका अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने काम महोत्सवले गरेको बताए।

एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा एन प्याव्सनका केन्द्रीय उपाध्यक्ष याम खड्का, केदारेश्वर महादेवमणि सेवा आश्रम समिति वैदिक गुरुकुल आश्रमका पिठाधिश स्वामी चिद्धन चैतन्य डा.लेखनाथ आचार्य, एन प्याव्सन गण्डकी प्रदेशकाक अध्यक्ष रामबहादुर मोची, हिसान कास्कीका अध्यक्ष याम रोका, एन प्याव्सन कास्कीका उपाध्यक्ष मनकाजी गुरुङ र सचिव प्रेमराज अधिकारीले बोलेका थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आन्तरिक पर्यटनमा आशा जगाउँदै 'जाउँ है पोखरा' अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

आन्तरिक पर्यटन प्रवर्द्धनमा आशा जगाउँदै पश्चिम नेपालका विभिन्न सहरमा 'जाउँ है पोखरा' अभियान सम्पन्न भएको छ।

होटल सङ्घ पोखरा नेपाल र नेपाल पर्यटन बोर्डद्वारा संयुक्तरुपमा आन्तरिक पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यसहित गत मङ्सिर २९ गतेदेखि उक्त अभियान सञ्चालन गरिएको हो । अभियानअन्तर्गत भैरहवा, नेपालगञ्ज, धनगढी र महेन्द्रनगरमा त्यहाँका पर्यटनसम्बद्ध व्यवसायीबीच छलफल एवम् अन्तरक्रिया गरिएको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । अभियानमा पर्यटन सम्बद्ध नाट्टा, टानका प्रतिनिधि एवं सञ्चारकर्मीको सहभागिता रहेको थियो । सो अवसरमा सङ्घका तर्फबाट पोखरा भ्रमणको निम्तो दिइएको थियो।

पोखरा र त्यस वरपरको भ्रमणका लागि पाँचवटा प्याकेज सार्वजनिक गरिएका अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । दुई दशकअघि सुरु भएको 'जाउँ है पोखरा' अभियान प्रभावकारी बनेको थियो। कोभिड-१९ र बैंकको चर्को ब्याजका कारण २५ प्रतिशत व्यवसायी यो क्षेत्रबाट पलायन भएको उल्लेख गर्दै उहाँले पर्यटनलाई पुरानै लयमा फर्काउन आफूहरुले देशविदेशमा प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाएको बताउनुभयो।

छलफल एवं अन्तर्क्रियाका क्रममा पोखराका पर्यटक पश्चिम पठाउने र पश्चिमबाट पर्यटक पोखरा भित्र्याउने उद्देश्यलाई पूरा गर्न सीधा हवाई तथा स्तरीय बस सेवा आवश्यक पर्नेमा दुवैतर्फका व्यवसायी एकमत भएका थिए। सङ्घका महासचिव राजेन्द्र ढकालका अनुसार नेपालगञ्जमा आयोजित अन्तर्क्रियामा सीमानाकामा भारतीय पर्यटकलाई नेपाल प्रवेश गर्ने क्रममा हैरानी व्यहोर्नुपर्ने वातावरणको अन्त्य हुनुपर्ने विषयमा चर्चा गरिएको थियो।

त्यस्तै भैरहवामा आयोजित कार्यक्रममा सञ्चालनमा आएर पनि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नभएको भन्दै त्यसका लागि संयुक्तरुपमा दबाब दिने सहमति भएको थियो। धनगढीमा आयोजित अन्तर्क्रियामा पोखरा र धनगढीबीच विगतमा भएको सीधा हवाई उडान पुनः सञ्चालन हुनुपर्नेमा जोड दिइएको र महेन्द्रनगरमा भारतीय पर्यटकलाई नेपाल भ्रमणका लागि आकर्षित गर्न दुवै क्षेत्रका पर्यटन व्यवसायीले मिलेर पर्यटकीय प्याकेज विकास गर्नुपर्ने विषयमा छलफल गरिएको थियो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका वरिष्ठ अधिकृत कुन्दन अर्यालले बोर्डले निजी क्षेत्रसँग मिलेर नै पर्यटन प्रवर्द्धनका कार्यक्रम अगाडि बढाउँदै आएको उल्लेख गर्दै यस किसिमका कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले भारतीय पर्यटकले नेपालमा भारतीय मुद्रा ल्याउन पाउने व्यवस्था यथाशीघ्र मिलाउनुपर्नेमा जोड दिनुभयो। पोखरा र गौतमबुद्ध विमानस्थलबाट यथाशीघ्र अन्तर्राष्ट्रिय उडान गराउनुपर्ने उहाँको भनाइ थियो । पर्यटकीय नगरी पोखराका एक हजार दुई सय होटलमा ४० हजार शय्या रहेका र कूल १५ हजारले रोजगारी पाएका छन् । यहाँको होटलमा रु पाँच अर्बभन्दा बढीको लगानी भइसकेको सङ्घले जनाएको छ।

# 'किसानसँग कृषि प्राविधिक' कार्यक्रम

**पोखरापत्र संवाददाता**
वालिङ, ६ पुस

स्याङ्जाको गल्याङ नगरपालिकाले किसानसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गरेसँगै यहाँका किसान लाभान्वित भएका छन्।

नगरपालिकाका ११ वटै वडाका गाउँगाउँमा जनप्रतिनिधिसहित कृषि प्राविधिक पुगेर प्राविधिक सेवा तथा परामर्श दिएका हुन्।

नगरप्रमुख गुरुप्रसाद भट्टराईका अनुसार गत असोजको अन्तिम सातादेखि सुरु भएको उक्त अभियान मङ्सिरको अन्तिम साता सकिएको हो। गाउँमा रहेका सामान्य किसानलाई पालिकाको कृषि र पशु शाखाको सेवा र सुविधासँग जोड्ने उद्देश्यसहित अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो । "गाउँमा कृषि कर्म गरेर बस्नुभएका किसानका समस्याको घरमै पुगेर समाधान गर्ने र उहाँहरुलाई नगरपालिकासँग जोड्नका लागि दुई महिनासम्म यो अभियान सञ्चालन गर्यौं", भट्टराईले भन्नुभयो, "वास्तविक किसानको पहुँच पालिकासम्म विस्तार गर्न तथा कृषकको गुनासो सुन्नका लागि यो अभियान प्रभावकारी रह्यो ।" उहाँका अनुसार एघार वडाका ६१ गाउँका चार हजार एक सय ८७ कृषक लाभान्वित भएका हुन् । स्थानीयस्तरका कृषि कार्यक्रम तथा योजनामा सीमित वर्गका व्यक्तिको मात्रै पहुँच पुग्ने तर वास्तविक किसानको पहुँच नगरसम्म आई नपुगेकाले किसानसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख भट्टराईले बताउनुभयो । निर्वाहमुखी कृषि तथा पशुपालनलाई व्यावसायिकतातर्फ उन्मुख गराउन यसले सहयोग पुग्ने उहाँको विश्वास छ। किसानका समस्या तथा गुनासा गाउँमै पुगेर टिपोट गरेकाले आगामी दिनमा नीति तथा कार्यक्रम बनाउँदा अझै प्रभावकारी हुने उपप्रमुख हेमा न्यौपानेले बताउनुभयो । उहाँका अनुसार कृषकले गुणस्तरीय बीउबिजनमा पहुँच नभएको, निजी एग्रोभेटबाट प्राविधिकसहित बीउ र विषादीको भर पर्दै आइरहेको, खेतीपाती तथा पशुपालनबाट अपेक्षाकृत आम्दानी हुन नसकेको, बालीनाली बाँदरले क्षति पुर्याउने गरेकोलगायत गुनासा र समस्या जनप्रतिनिधिका साथै कृषि तथा पशु प्राविधिकमाझ राखेका थिए । गाउँमै पुगेर कृषकका समस्या तथा गुनासो सुनेर उहाँहरुलाई प्राविधिक सहयोग तथा परामर्श प्रदान गरिएको पशु शाखा प्रमुख सुशील अर्यालले बताउनुभयो । नगरपालिका कार्यालयले किसानका समस्याको पहिचान गरी समाधान गर्नुकासाथै नियमित सम्पर्कमा राख्दै पहुँच विस्तारमा सहयोग पुग्ने उहाँले बताउनुभयो।

# पोखरामा हुने टाईगर कप भलिवल प्रतियोगितामा २ विदेशी टिम सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

पोखरामा हुने चौथो संस्करणको टाईगर कप भलिबल प्रतियोगिता २०८० मा यसपाली दुई वटा विदेशी पाहुना टोली सहभागि हुने भएका छन् । पोखरा रंगशालामा आउँदो माघ १ गतेदेखि ६ गतेसम्म लिगकम नकाउटका आधारमा हुने उक्त प्रतियोगितामा भारत र श्रीलंकाका दुई विदेशी पाहुना टोली सहभागि हुने भएको टाइगर ग्रुप अफ पोखरा नेपाल कास्कीका अध्यक्ष नारायण शर्माले बताउनु भयो।

उहाँका अनुसार उक्त प्रतियोगिताको पुरुष तथा महिला ६/६ टिमको सहभागि हुने भएका छन्। उक्त प्रतियोगितामा पुरुष तर्फ श्रीलंकाको आर्मी टिम र महिला तर्फ भने भारतको हरियाणा पुलिस क्लव सहभागि हुने भएको छ । त्यसै गरी महिला तथा पुरुष तर्फ गण्डकी प्रदेश र तीन बिभागिय टोली सहभागि हुने भएका हुन्।

राष्ट्रिय तथा अन्तराष्ट्रिय आमन्त्रित क्लब स्तरीय महिला तथा पुरुष उक्त प्रतियोगितामा नेपालका तीन विभागिय टोली नेपाल पुलिस, नेपाली सेनाको त्रिभुवन आर्मी क्लव र शसस्त्र प्रहरी वलको एपिएफ क्लवले महिला तथा पुरुष तर्फ सहभागि हुने भएका छन्। पुरुष तर्फ हेल्प नेपाल स्पोर्ट्र्स क्लव सहभागि हुने भएको छ भने महिला तर्फ न्यू डायमण्ड युथ स्पोर्ट्र्स क्लव सहभागि हुने भएको अध्यक्ष शर्माले बताउनु भयो। उक्त खेलमा विजेता टिम(पुरुष तथा महिला) लाई जनही ५ लाख ५५ हजार ५ सय ५५ सहित ट्रफी मेडल साथमा प्रमाणपत्र प्रदान गरिने भएको छ। आयोजकले यस बर्ष पुरस्कार राषिमा केही बृद्धि गरेको हो। यस बर्ष प्रथम पुरस्कारमा ५० हजार बृद्धि गरेको हो । उपविजेता पुरुष तथा महिलाको टोलीले २ लाख ७७ हजार ७ सय ७७ र तेश्रो हुनेले १ लाख ४० हजार पुरस्कार प्राप्त गर्ने भएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी महिला तथा पुरुषलाई जनही नगद २५/२५ हजार ५ सय ५५ अन्य विधागतमा उत्कृष्ट हुने खेलाडीलाई जनही १० हजार प्रदान गरिने भएको छ। नेपाल भलिवल संघको संयोजनमा पोखरा महानगरपालिका, राखेप, र प्रदेश खेलकुद परिषद गण्डकीको बिषेश सहयोगमा उक्त प्रतियोगिता हुन लागेको प्रतियोगिताका संयोजक दीपक कार्कीले बताउनु भयो। उक्त प्रतियोगिताको तयारी तिव्र पारिएको संयोजक कार्कीले बताउनु भयो । यस बर्ष पनि अस्थायी प्यारापिट समेत बनाउने र आवश्यक शान्ति सुरक्षाको व्यबस्था गरीने भएको संयोजक कार्कीले जनाउनु भयो।

# हरियोखर्क अस्पतालमा आपतकालीन अवस्थाको लागि आधारभूत प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

आइएनएफ नेपाल हरियो खर्क अस्पतालमा एक दिने आपतकालीन अवस्थाको लागि आधारभूत जिवन सुरक्षा प्रशिक्षण कार्यक्रम भएको छ।

शुक्रबार अस्पताल परिसरमा भएको प्रशिक्षण कार्यक्रमले मानिसको स्वास्थमा आपतकालीन समस्या आइपरेको अवस्थामा घाइतेको जिवन सुरक्षा कसरी गर्ने भन्ने उद्देश्यले अस्पताल बाहिर र भित्र सबै ठाउँको लागि उपयुक्त हुने प्रशिक्षण कार्यक्रम आयोजना गरिएको आइएनएफ नेपाल हरियो खर्क अस्पतालका आउट रिच म्यानेजर ताराहाङ तावाले जानकारी दिए। प्रशिक्षण कार्यक्रम आइएनएफ नेपाल हरियो खर्क अस्पताल अर्न्तगतको सामुदायिक मेडिकल आउट रिच परियोजनाको आयोजनामा भएको हो । प्रशिक्षणमा हरियो खर्क अस्पतालमा कार्यरत २४ जना कर्मचारीहरुको सहभागिता रहेका थियो।कार्यक्रममा बिएलएस नेपालका डा.धिरेन्द्रकुमार मल्ल, डा.अर्जुन कार्की, डा.सनिज सिङ्ग र हरियो खर्क अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सुमन तामाङ्गले प्रशिक्षण दिएका थिए।

## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाचौं ।

◆धुम्रपान र मद्यपानले जाडो घट्ने होईन।
◆यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
◆आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
◆कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
◆यसले तपाई र तपाईको परिवारलाई असर पुर्‍याउँछ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वास्थ जीवन बाँचौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# पोखरा म्याराथनका बैकल्पिक रुटको अध्ययन गर्दै मञ्च

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

नेपाल भूतपूर्व खेलाडी मञ्चले सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनका लागि वैकल्पिक रुटको अध्ययन सुरु गरेको छ । पोखरामा हरेक वर्ष आयोजना हुँदै आइरहेको अन्तर्राष्ट्रिय म्याराथनको अन्तर्राष्ट्रिय चर्चा बढेसँगै सडक सुरक्षा र प्राकृतिक दृष्यलाई आकर्षण गराउने लक्ष्यसहित वैकल्पिक रुटको अध्ययन सुरु गरेको हो ।

शुक्रबार नयाँ रुट अध्ययन गर्दै मञ्चले पोखरा महानगरपालिका वडा नम्बर २३ मा छलफल समेत गरेको छ। मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीले सफल पोखरा म्याराथनलाई थप सुरक्षित र व्यवस्थित बनाउने उदेश्यका साथ नयाँ रुटको अध्ययन सुरु गरेको जानकारी दिए। उनले शुक्रबार रुटको अनुगमन गर्दै वातावरणको हिसाबले समेत निकै उत्कृष्ट रहेको सुनाए । 'सडक सुरक्षा मुख्य कुरा हो धावकका लागि। हामीले म्याराथन गरिरहँदा अब पहिलो जस्तो रहेन । विश्व म्याराथन र एम्ससँग जोडिएपछि यसको उचाई बढेको छ त्यसैले पनि हामी बढि हौसिएका छौं' उनले भने, 'हामीले सरक्षा र प्रकृति दुई कुरालाई जोड दिदैँ बैकल्पिक रुटको खोजी गरिरहेका छौं । म्याराथनलाई थप रोमाञ्चक बनाउन बजारसँगै ग्रामिण इलाकालाई समेत छुने प्रयास मञ्चले गरेको छ । महिला हाफ म्याराथनका लागि समेत सोही रुटतर्फ रहेको छ। यस्तै अन्य १० किमि, पाँच किमिको दौडको समेत बैकल्पिक रुट खोजी भइरहेको छ। मञ्चका निवर्तमान अध्यक्ष तेज गुरुङले म्याराथनका लागि नयाँ रुटको अध्ययन गरेको सुनाए। उनले सिटी म्याराथनको अवधारणालाई आत्मसात गर्दै धावकहरुको लागि थप ट्राफिक सुरक्षा दिने हेतुले नयाँ रुटको अध्ययन गरेको जानकारी दिए। 'हामीले नयाँ रुटको बारेमा अध्ययन गरेका छौं पहिला हामीले सिटी भित्रै(पोखरा) दौडाउने गरेका थियौं भने अब सिटीसँगै ग्रामिण क्षेत्रसमेत जोड्ने प्रयत्नका साथ वैकल्पिक सौंच बनाएका छौं' उनले भने । हल्लनचोक देखि माथिल्लो क्षेत्रलाई समेत म्याराथनमा समेट्दै स्थानीय खेलाडी तथा विद्यालयका खेलाडीलाई समेत प्रतियोगितामा सहभागिता गराईदिन अनुरोध गरे । मञ्चका संस्थापक अध्यक्ष खड्ग रानाभाटले मञ्चले म्याराथनलाई व्यवस्थित बनाउँदै स्वच्छ वातावरणमा दौडाउने प्रयासगर्दै वैकल्पिक रुटको खोजी गरेको बताए। पोखरा महानगरपालिका वडा २३ का वडाअध्यक्षले अन्तर्राष्ट्रिय म्याराथनको रुटका लागि आफुहरु स्वागत गर्न तयार रहेको बताए। उनले पोखराको नयाँ वडाको रुपमा रहेको वडा २३ प्राकृतिक हिसाबले समेत निकै सुन्दर रहेकाले यहाँको विकासका लागि यो प्रतियोगिताले टेवा पुग्ने बताउँदै यहि रुटको प्रयोग गर्न समेत अनुरोध गरे।

'प्राकृतिक हिसाबले यो असाध्यै राम्रो ठाउँ हो । फेवातालेका मुहाना हो खहरेखोला र अर्पन खोलालाई जोगाउने हाम्रो अभियान हो। हामीले धेरै प्रयास गरेका छौं' उनले भने । तालको किनारदेखी सिरानसम्म छुने वडाबाट खेलाडीलाई दौडाउन उनले अनुरोध गरे। उनले पोखरा म्याराथनका लागि वडाले गर्नुपर्ने आवश्यक सहयोग गर्न समेत तयार रहेको प्रतिबद्धता व्यक्त गरे । 'हामी यो वडाभित्र पर्ने रुटको सडकमा भएका बाधाहरु सबै हटाइदिन्छौं। यहाँ परेका खाल्डाखुल्डी पुर्नेदेखि खेलाडीलाई स्वागत गर्न स्वागत गेट, झार्कीं लगायत आवश्यक व्यवस्था वडाले नै मिलाउछौं' उनले भने।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# भ्रीं गाउँमा आयातित मदिरा निषेध !

**पोखरापत्र संवाददाता**
बेनी, ६ पुस

म्याग्दीको रघुगङ्गा गाउँपालिका–५ भ्रीं गाउँमा आयातित मदिरालाई निषेध गरिएको छ । युवा कुलतमा फस्ने र धनराशि गाउँबाट बाहिर जाने समस्यालाई हटाउन गाउँभेलाबाट भ्रीं गाउँमा आयातित मदिरा बिक्री वितरणमा रोक लगाइएको हो । परीक्षणका रूपमा एक वर्षअघि देखि लागू गरिएको उक्त नियमका कारण गाउँमा मदिरा भित्रिएर बाहिरिने लाखौँ रुपैयाँ जोगिएको स्थानीयवासी बताउँछन् ।

विसं २०७९ मङ्सिर १६ गते भ्रीं गाउँमा जनप्रतिनिधि, आमा समूह, युवा क्लब, सङ्घसंस्था, स्थानीय व्यवसायीलगायत सरोकारवालाहरूको भेलाले सर्वसम्मत रूपमा आयातित मदिरालाई पूर्ण रूपमा रोक लगाउने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार गाउँमा रहेका सबै होटल तथा पसलले सहरबाट मदिरा गाउँमा लैजान बन्द गरेका छन् । विभिन्न कम्पनीका रक्सी र बियर गाउँमा भित्रँदा युवा कुलतमा फस्ने र धनराशिसमेत मासिने भएपछि गाउँमा उक्त नियम बनाइएको रघुगङ्गा गाउँपालिका–५ का वडाअध्यक्षमनबहादुरशेरमञ्जाले बताउनुभयो । "बाहिरबाट आयात गरिएका कतिपय रक्सीको गुणस्तर नहुँदा धेरै जनालाई विभिन्न रोग पनि लाग्यो, महँगा मदिरा सेवन गर्दा ठूलो धनराशि गाउँबाट बाहिरियो, गाउँमा सामाजिक सुधारअन्तर्गत यो नियम बनाएर लागू गरेको एक वर्षमै यसले धेरै सकारात्मक प्रभाव पारेको छ", उहाँले भन्नुभयो ।

सबैभन्दा कमजोर आर्थिक अवस्था भएकाहरूले बजारबाट आउने करुवा लगायतका गुणस्तर नभएका मदिराजन्य पेयपदार्थको प्रयोग गर्दा धेरैको स्वास्थ्यमा समेत जटिल रोगहरू लगेपछि स्थानीयवासी मदिरा नियन्त्रणमा सक्रिय भएका थिए । मदिरा सेवन गर्नेहरूलाई गाउँमै स्तरीय घरेलु मदिरा बनाएर सेवन गर्न पाउने सुविधा दिइएको छ ।

युवा घरेलु मदिरा सेवन गर्न सहजै रूपमा तयार नहुने र बाहिरबाट कुनै पनि प्रकारका मदिराजन्य पदार्थ गाउँमा नभित्रने भएकाले युवालाई समेत कुलतबाट टाढै राख्न सघाउ पुगेको स्थानीय समाजसेवी गोविन्द पाइजाले बताउनुभयो । विवाह, व्रतबन्ध, किरियालगायत संस्कारजन्य कार्यमा समेत मदिरामा धेरै रकम खर्च हुने गरेकामा आयातित मदिरालाई निषेध गरेपछि फजुल खर्च बचत हुने गरेको छ । गाउँमा हुने यस्ता संस्कारजन्य कार्यमा बजारबाट आयातित पेयपदार्थहरूको समेत प्रयोगलाई हटाइएको छ । गत वर्ष आफ्नो छोरी सुस्मा पाइजा पुनको विवाहबाट यो नियमलाई समेत गाउँमा कार्यान्वयमा ल्याइएको समाजसेवी पाइजाले बताउनुभयो । गाउँमा आयातिय मदिरा र संस्कारजन्य कार्यमा चिसो पेयपदार्थहरूलाई प्रयोगमा निषेध गरेपछि एउटा विवाहमा रु एकदेखि दुई लाखसम्म फजुल खर्च कटौती हुने गरेको उहाँले अनुभव सुनाउनुभयो ।

मगर समुदायको बाहुल्य बसोबास रहेको भ्रीं गाउँमा करिब तीन सय ४० घरधुरी रहेका छन् । धौलागिरि सेन्चुरी पदमार्गको पहिलो पर्यटकीय गाउँका रूपमा परिचित भ्रीं गाउँमा घरबाससमेत सञ्चालनमा छ । यहाँ आउने पर्यटकहरूलाई स्थानीय कोदो, मकै, जौ, गहुँ लगायतको अन्नबाट परम्परागत विधिबाट बनाइएको मदिराको प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ । यसअघि म्याग्दीको मालिका गाउँपालिका–५ मगरदाङमा स्थानीय आमा समूहले आयातित मदिराको बिक्री तथा सेवनमा रोक लगाएका थिए ।

# दिवा खाजामा स्थानीय परिकार

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ पुस

म्याग्दीको धौलागिरि गाउँपालिका–३ स्थित धौलागिरि माविका शिक्षक र विद्यार्थीले दिवा खाजाका लागि स्थानीय खाद्य पदार्थको परिकार बनाउन थालेका छन् । स्वास्थ्य, सरसफाइ र स्थानीय खाद्यान्नको प्रवर्द्धन गर्न आयात गरिएको खाजा (जंक फुड)लाई प्रतिबन्ध लगाइएको हो ।

प्रधानाध्यापक रुपेश सुवेदीका स्थानीय उत्पादनबाट हरेक दिन फरक फरक परिकार बनाएर शिक्षक र विद्यार्थीले खाजा खाने गरेका छन् । "जङ्क फुडले विद्यार्थी र शिक्षकको स्वास्थ्यमा असर परेको थियो", उहाँले भन्नुभयो, "अभिभावक भेलाबाट आइतबारदेखि बिहीबारसम्म खाने खाजाको तालिकानै बनाएका छौं । खर्चको पनि बचत भएको छ ।" आइतबार तरकारी रोटी, सोमबार जाउलो, मङ्गलबार आलु पराठा, बुधबार तरकारी र अण्डा तथा बिहीबार चिया रोटी खाजा खाने तालिका बनाइएको छ । विद्यालयको चमेनागृहले तालिकाअनुसार खाजा बनाएर वितरण गर्ने गरेको छ । सरकारले प्रतिविद्यार्थी रु १५ का दरले उपलब्ध गराउने अनुदान रकमभित्रै खाजा उपलब्ध गराएपछि सहज भएको अभिभावकले बताएका छन् । शिक्षकले पनि मकै, भटमास, कोदो, गहुँको पिठोको रोटी तथा आलुको परिकार बनाएर खाजा खाने गरेका छन् । शिक्षक-विद्यार्थी कोहीले पनि अहिले खाजा किनेर खाने गरेका छैनन् ।

धौलागिरि माविमा हाल एक सय १२ विद्यार्थी अध्ययनरत छन् । शैक्षिक सत्र २०७९ देखि कक्षा ९ को पठनपाठन सुरु गरेको उक्त विद्यालयको कक्षा ६ देखि १० निजी स्रोतमा सञ्चालित छ । तीन शिक्षकलाई समुदायस्तरबाट मासिक रु साठी हजार जुटाएर तलब भत्ता खुवाउने गरिएको प्रअ सुवेदीले बताउनुभयो । प्रावि तहमा पाँच शिक्षक, एक कार्यालय सहयोगी र बाल शिक्षा सहयोगी कार्यकर्ता दरबन्दीका हुन् । गाउँपालिकाले शिक्षण सहायता अनुदानबाट तीन शिक्षक उपलब्ध गराएको छ । कक्षा १० का १८ विद्यार्थीलाई एसइई परीक्षाका लागि छात्रावासमा राखिएको छ । विद्यालय परिसरमा १६ सिसीटिभी क्यामेरा जडान गरिएको विद्यालयले जनाएको छ ।

# खाद्य पदार्थको आधारभूत परीक्षण गर्न प्रयोगशाला

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ पुस

बागलुङ बजारमा संवेदनशील खाद्य पदार्थको आधारभूत परीक्षण गर्न सकिने गरी खाद्य प्रयोगशाला स्थापनाको पहल थालिने भएको छ । बागलुङ नगरपालिका उपभोक्ता हित संरक्षण समितिको बैठकले प्रयोगशाला स्थापनाका लागि आवश्यक पहल गर्ने निर्णय गरेको हो । पानी, दूध, तेललगायतका पदार्थको आधारभूत परीक्षण गर्न मिल्ने प्रयोगशाला स्थापनाका लागि आवश्यक सहयोग गर्न बागलुङ नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरिएको समितिका संयोजक तथा नगरउपप्रमुख राजु खड्काले बताउनुभयो । प्रयोगशाला स्थापनापछि आधार भूत खाद्य पदार्थको नियमन सहज हुने उहाँको धारणा छ ।

प्रयोगशालाको अभावमा अनुगमनका क्रममा अखाद्य वस्तु बिक्री वितरण गर्नेलाई कारबाही गर्न कठिन भएको उपप्रमुख खड्काले बताउनुभयो ।

चिनीको मूल्य घटेको भए पनि उपभोक्ताले चर्को मूल्य तिर्नुपरेको भन्दै तत्काल मूल्य समायोजन गरी बिक्री वितरण गर्न उद्योग वाणिज्य सङ्घमार्फत अनुरोध गर्ने र अनुगमनलाई निरन्तरता दिने निर्णय गरिएको छ । बागलुङ उद्योग वाणिज्य सङ्घले सञ्चालन गर्न थालेको बागलुङ महोत्सवमा रहने खाद्यान्नको कक्षको नियमित अनुगमन र खाद्य स्वच्छताका लागि नियमन गर्ने बैठकले निर्णय गरेको छ ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला चापाकोट नगरपालिका वडा नं. ८ निवासी भारतीय भु.पू. सैनिक नं. जे.सी. ६२ ९६१४ एच. सुबदार कृष्ण बहादुर मल्लको श्रीमती विष्णु कुमारी मल्लको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर विष्णा कुमारी मल्ल जन्म मिति वि.सं. २०२०/१२/१ उल्लेख भएको र निजको पतिको सैनिक अभिलेखमा निजको नाम थर विष्णु कुमारी मल्ल जन्म मिति ई.सं. २०-०१-१९६५ भई फरक फरक नाम थर र जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ८ नं. वडा कार्यालयको च.नं. ३७८ मिति २०७४/०७/३० को पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**


# ज्येष्ठ नागरिकको घरमै उपचार : गाउँमा विशेषज्ञ स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ पुस

गलकोट नगरपालिका–८ थालेपोखराकी तलुसी पुन ९६ वर्ष पूरा हुनुभयो । उमेर ढल्दै गए पनि उच्च रक्तचापबाहेक उहाँमा अन्य स्वास्थ्य समस्या थिएन । केही महिनायता उच्च रक्तचापका कारण टाउको दुख्ने र घुमाउने हुँदा उहाँलाई गाह्रो हुने गरेको थियो । उपचारका लागि अस्पताल टाढा हुँदा पुन सक्नुभएको थिएन । गाउँमा नगरपालिकाले सहरी स्वास्थ्य केन्द्र स्थापना गरे पनि उच्च रक्तचापको उपचार हुँदैनथ्यो ।

बिहीबार गलकोट नगरपालिकाबाट विशेषज्ञ चिकित्सकसहितको टोली पुनको घरै नजिक पुग्यो । चिकित्सकले उहाँको स्वास्थ्य परीक्षण गरी घरमै औषधी दिएपछि उहाँ दङ्ग पर्नुभयो । घरमै चिकित्सक आएर उपचार गर्छन् भन्ने तुलसीले कल्पना पनि गर्नुभएको थिएन । जब थालेपोखरा गाउँमा नगरपालिकाबाटजनप्रतिनिधिसहित चिकित्सक र स्वास्थ्यकर्मी टोली पुग्यो तुलसीसहित गाउँका धेरै मानिस अचम्भित भए ।

गलकोट नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख सुशील पौडेल, गलकोट नगर अस्पतालका एमडी जिपी डा राजेश पौडेल लगायतको टोलीले एक सय ५० भन्दा बढी ज्येष्ठ नागरिक तथा स्थानीयको स्वास्थ्य परीक्षण र निःशुल्क औषधी वितरण गरेको छ । गाउँभन्दा टाढा हुँदा धेरै नागरिक बिरामी भएर पनि अस्पताल पुग्न सक्दैनथे । सामान्य बिरामीले गाउँको सहरी स्वास्थ्य केन्द्रमा उपचार पाउँथे । नगरपालिकाले दूरदराजका नागरिकलाई लक्षित गरी घरघरमा ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर थालेपछि धेरैले सेवा लिन पाए ।

पुनले टाढा जान नसक्दा अहिलेसम्म गाउँमै रोग पालेर बस्नु परेको सुनाउनुभयो । घरै नजिक आएको चिकित्सकसहितको टोलीले आफ्नो निःशुल्क स्वास्थ्य जाँच गरी औषधी दिएको उहाँको भनाइ छ । औषधी खाएर निको नभए पुनः चिकित्सकले जाँच गर्ने पुन बताउनुहुन्छ । आफूलाई चक्कर आउने र टाउको दुख्नेबाहेक अरू समस्या नभएको सुनाउँदै घरमै आएर उपचार गरिदिँदा खुसी लागेको उहाँले बताउनुभयो । अहिलेसम्म यो गाउँमा चिकित्सक कहिल्यै नआएको भन्दै पहिलो पटक विशेषज्ञ सेवा लिन पाएको पुनको भनाइ छ ।

"गाउँमा मान्छेहरू बिरामी हुँदा गाडी खोजेर टाढा-टाढा उपचार गर्न जाने गर्छन्, गाउँ नजिक सानो अस्पताल छ, त्यहाँ ठूलो रोगको उपचार हुँदैनैरछ, म पनि बिरामी भएको महिनादिन बढी भयो, घुमाउने, टाउको दुख्ने हुन्थ्यो, उपचार पाएको थिएन," पुनले भन्नुभयो, "डाक्टर घरमै आएर जाँच्नु भयो, औषधी पनि दिएर जानुभएको छ, फेरि केही महिनापछि आउने भन्नुभएको छ, गाउँमा अरू मान्छे पनि बिरामी थिए, उनीहरूले पनि औषधी पाएका छन्, गाउँघरमा आएर उपचार गरिदिने, औषधी दिएपछि टाढा किन जानु पऱ्यो ?, मलाई त धेरै खुसी लागेको छ, यहाँ अहिलेसम्म यस्तो सुविधा आएको मैले थाहापाएको छैन ।"

स्थानीय ६० वर्षीय दुर्गाबहादुर खत्रीले सुविधायुक्त अस्पताल नजिक नहुँदा धेरै नागरिकले दुःख पाएको भन्दै गाउँमा आएको निःशुल्क स्वास्थ्य शिविरले ठूलो राहत मिलेको बताउनुभयो । अहिलेसम्म विशेषज्ञ चिकित्सक आएर गाउँमा यस किसिमको शिविर नभएको भन्दै यसपालि नगरपालिकाले यहाँका नागरिकको समस्या बुझेको उहाँको भनाइ छ । गाउँ-गाउँमा सुविधा सम्पन्न अस्पतालहरू नभए पनि समय-समयमा दूरदराजमा पुगेर स्वास्थ्य सेवा दिँदा धेरै नागरिक लाभान्वित हुने खत्रीले बताउनुभयो । यो गाउँ अहिलेसम्म विकट रहेको र सडकको अवस्था पनि निकै जोखिमयुक्त हुँदा अस्पतालसम्म सहज रूपमा पुग्न नसकिने उहाँको भनाइ छ ।

स्थानीयवासी खत्रीले भन्नुभयो, "गाउँमा यसरी डाक्टरहरू आएर हाम्रो परीक्षण गरेर निःशुल्कमा औषधी पाइन्छ भन्ने सोचेका पनि थिएनौं, नगरपालिकाले हाम्रो समस्या बुझ्यो, बल्ल सरकार भएको महसुस भयो, यस्ता खालका सेवाहरू महिना/तीन महिनामा दिइराख्यो भने जनतालाई दुःख हुने थिएन, अर्को पटक पनि चिकित्सकहरू आउने भनेका छन्, सामान्य प्रेसर जाँच गर्न पनि टाढा जानुपर्ने ठाउँमा छौं हामीहरू, अब समस्या पर्दैन होला ।"

थालेपोखरा गाउँ बागलुङको गलकोट नगरपालिकाको विकट गाउँ हो । त्यसले गर्दा गलकोट नगरपालिकाले सोही गाउँबाटै र घरघरमा ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा निःशुल्क विशेषज्ञस्वास्थ्यशिविरसञ्चालन गरेको हो । नगरपालिकाले ज्येष्ठ नागरिकलाई लक्षित गरी अघिल्लो वर्षदेखि घरघरमा ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरेकामा यस वर्ष निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर पनि सुरुआत गरेको गलकोट नगरपालिकाका स्वास्थ्य शाखा संयोजक सुशील पौडेलले जानकारी दिनुभयो । ज्येष्ठ नागरिकलाई घरमै पुगेर स्वास्थ्य जाँच गर्ने र निःशुल्क औषधी दिँदा उनीहरूलाई टाढा जान नपर्ने र खर्च पनि नहुने पौडेलको भनाइ छ । नगरपालिकाअन्तर्गत ६० वर्षभन्दा माथिका पाँच हजार ज्येष्ठ नागरिकलाई घरमै पुगेर स्वास्थ्य सेवा दिन थालेको उहाँले बताउनुभयो ।

वर्षको दुई पटक घरमै पुग्ने, पहिलोपटक स्वास्थ्य परीक्षक गरी औषधी दिनाका साथै ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्डसमेत दिने र पुनः अर्को पटक जाँदा कार्ड हेरेर उपचार गर्ने संयोजक पौडेलको भनाइ छ । ज्येष्ठ नागरिकको घरमै पुगेर सुगर, प्रेसर, आँखा, छालालगायत रोगको जाँच र निःशुल्क औषधी दिने गरेको उहाँले बताउनुभयो । यस वर्ष घरघरमा ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण र शिविरका लागि नगरपालिकाले रु सात लाख विनियोजन गरेको पौडेलको भनाइ छ । नगरपालिकाको ११ वटै वडामा पुगेर ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणसँगै विशेषज्ञ स्वास्थ्य शिविर गरिने उहाँले बताउनुभयो । "गलकोट नगरपालिकामा पाँच हजार ज्येष्ठ नागरिक हुनुहुन्छ, उहाँहरूको घरमै गएर स्वास्थ्य परीक्षण गर्ने र औषधी उपलब्ध गराउने छौं, यो कार्यक्रम पोहोर सालदेखि सुरु गरेका हौं, यस वर्ष थप प्रभावकारी बनाउन लागिरहेका छौं," उहाँले भन्नुभयो, "ज्येष्ठ नागरिक कोही पनि छुट्नुहुने छैन, अन्य नागरिकले पनि शिविरबाट सेवा लिनुहुने छ, ११ वटै वडामा पुगेर सेवा प्रदान गर्ने छौं ।" गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जनतालाई स्वस्थ राख्नका लागि घरघरमा पुगेर स्वास्थ्य सेवा दिन थालिएको बताउनुभयो । पालिकाले हरेक वर्ष स्वास्थ्यमा नयाँ-नयाँ काम गर्दै आएको भन्दै यस वर्ष सुगमदेखि दुर्गमसम्मका नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा दिन लागेको उहाँको भनाइ थियो । कोही पनि नागरिकले उपचार नपाएर दुःख नपाओस् भन्ने हिसाबले गाउँमै स्वास्थ्य सेवा पुऱ्याउनका लागि घरघरमा ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण र स्वास्थ्य शिविर सुरु गरिएको प्रवक्ता भण्डारीले बताउनुभयो ।

# महसुल नतिर्ने एक सय ७७ ग्राहकको लाइन काटियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ पुस

नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रले समयमा विद्युत् महसुल नतिर्ने एक सय ७७ ग्राहकको लाइन काटेको छ ।

प्राधिकरणको देशव्यापी बक्यौता असुली अभियानअन्तर्गत साउन महिनायता म्याग्दीमा सो सङ्ख्याका ग्राहकको लाइन काटिएको हो । केन्द्रका प्रमुख प्रताप बरालले लाइन काटेर चालु आर्थिक वर्षको पाँच महिनामा रु १८ लाख १२ हजार चार सय ५० बक्यौता असुल गरिएको जानकारी दिनुभयो ।

एक सय ७७ ग्राहकबाट रु २२ लाख दुई हजार एक सय ९६ महसुल बक्यौता उठाउनुपर्ने थियो । लाइन काटेपछि रु एक लाख ४९ हजार चार सय ४९ जडान शुल्क उठेको छ । केन्द्रअन्तर्गतका ग्राहकबाट रु ८१ लाख ८७ हजार नौ सय २९ बक्यौता असुल गर्न बाँकी छ । गत कात्तिक १२ गतेदेखि बक्यौता असुली अभियान सञ्चालन भएको थियो ।

यसैगरी बिजुली चोरी गरेका चार ग्राहकबाट रु एक लाख ३५ हजार एक सय ५६ रकम असुल भएको छ । नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रअन्तर्गत हाल २२ हजार एक सय ३० ग्राहक छन् । विद्युत् महसुल सङ्कलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको १६औं दिनदेखि थप दस्तुर आकर्षित हुने व्यवस्था छ । मिटर रिडिङ भएको मितिले १६औं दिनदेखि ३०औं दिनसम्म पाँच प्रतिशतका दरले र ३१औं दिनदेखि ४०औं दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ । मिटर रिडिङ भएको मितिले ४०औं दिनसम्म पनि विद्युत् महसुल नबुझाउने उपभोक्तालाई ४१औं दिनदेखि बिलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था छ ।

यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६० औं दिनसम्म पनि बक्यौता महसुल नबुझाएमा लाइन काट्ने व्यवस्था छ । लाइन काटेको छ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्तालाई कालोसूचीमा राखी असुली प्रक्रिया अगाडि बढाउने प्रावधान छ । विनियमावलीको यही प्रावधानका आधारमा मिटर रिडिङ भएको मितिले ६०औं दिनसम्म पनि बक्यौता विद्युत् महसुल भुक्तानी नगर्ने उपभोक्ताहरूको चरणबद्धरूपमा विद्युत् लाइन काटी बक्यौता महसुल असुलउपर गर्ने रणनीति लिएको प्राधिकरणले जनाएको छ ।


## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ११-१२)को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/०९/०६ को चलानी नं. ३८६ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०३/०८०/०८१ | प्रशिक्षक | मा.वि. कक्षा (११-१२) | कृषि (बाली विज्ञान) | द्वितीय | १ | अस्थायी करार |

१, शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा एम.एस्सी.एजी. उत्तीर्ण गरेको हुनुपर्ने ।
२, छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
३, उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति ।
४, दरखास्त दस्तुरः रु २०००/- तिरेको सक्कल रसिद ।
५, दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८० पौष २० गते कार्यालय समयभित्र ।
६, तलब स्केलः नेपाल सरकारको नियमानुसार ।
७, परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-६२१५६५**